उत्तर:: केरौन गा.वि.स. वडा नं. १ को पूर्व पश्चिम राजमार्गबाट उत्तरतर्फ रहेको गोरेटो (बयलगाडा) बाटो ।

दक्षिण: केरौन गा.वि.स. बडा नं. ९ को चिस्याङ खोला सतार बस्ती राजबंशी टोलदेखि रंगेली सडक हुँदै वडा नं. ७ को दक्षिणी सीमा गोरेटो बाटो तथा गेउरिया खोला ।

आज्ञाले,
**किशोर थापा**
नेपाल सरकारको सचिव

## नेपाल सरकार
## कृषि विकास मन्त्रालयको सूचना

नेपाल सरकारले पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ को दफा १० ले दिएको अधिकार प्रयोग गरी विश्व पशु स्वास्थ्य संगठन (OIE) ले वर्डफ्लु रोग फैलिएको सूचना प्रकाशित गरेको मुलुकहरू र त्यस्ता मुलुकहरूको बाटो भएर जीवित पंक्षी (कुखुरा, हाँस, लगायतका अन्य चरा जाति), त्यसको मासु तथा अण्डा लगायत पंक्षीजन्य अप्रशोधित पदार्थहरू, प्रशोधित वा अप्रशोधित पंक्षीजन्य उत्पादन सामग्रीहरू समेत नेपालभर पैठारी गर्न प्रतिबन्ध लगाएको छ ।

खण्डा ५६, अतिरिक्ताङ्क ३७, मिति २०६३।६।८ गतेको नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना खारेज गरिएको छ ।

आज्ञाले,
**जय मुकुन्द खनाल**
नेपाल सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाण्डौमा मुद्रित । मूल्य रू. ५।-
गो.हु.द.नं. १६।०६२।०६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।